

के तपाईको घर पा( नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क १६९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० असार १७ गते आइतबार ❑ 2 July 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## हामी बदलिएपछि संघीय लोकतान्त्रिक प्रणाली थप बलियो हुन्छः प्रधानमन्त्री

**पोखरापत्र संवाददाता**
पोखरा, १६ असार

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले तीनै तहका सरकारहरूले आफ्नो सोच र कार्यशैली बदलेर मात्र सङ्घीय लोकतान्त्रिक प्रणाली बलियो बनाउन सकिने बताउनुभएको छ।

कास्कीको पोखरामा शनिबार आयोजित राष्ट्रिय समन्वय परिषद्को प्रथम बैठकको अध्यक्षता गर्दै प्रधानमन्त्रीले सङ्घीयतालाई बलियो बनाउन सबैको उत्तिकै सार्थक प्रयास हुनु आवश्यक रहेको बताउनुभयो।



प्रधानमन्त्रीले भन्नुभयो, "सङ्घीयताको मर्म र यसको दीर्घकालीन महत्त्व हामीले बुझेनौँ भने यसको फाइदा सङ्घीयताका विरोधीहरूले लिनेछन्। हामीले जति छिटो र राम्रो कार्यसम्पादन गर्छौं, जनताले त्यति नै मात्रामा सङ्घीयताबाट लाभ लिन सक्छन्। सङ्घीयता कार्यान्वयनका लागि ऐनहरू बनेका छन्, तर ती पूर्ण छैनन्। समन्वयको प्रभावकारिता पनि जरूरी छ। हाम्रो जोड त्यता हुन जरूरी छ।"

लामो सङ्घर्ष र पहलपछि देश सङ्घीय गणतन्त्रमा आएको उल्लेख गर्दै प्रधानमन्त्रीले यो कुनै भावावेशमा गरिएको निर्णय नभएको तथा सुविचारित निष्कर्षका कारण नै हामी अहिले हामी सङ्घीय प्रणालीमा रहेको बताउनुभयो। उहाँले यसको व्यवस्थापन र प्रभावकारी कार्यान्वयन पनि हाम्रै भएकाले यसमा चुक्न नहुने धारणा राख्नुभयो। प्रधानमन्त्रीले भन्नुभयो, "कतिपय शक्तिहरू यस (सङ्घीय गणतन्त्र)लाई ढलाउन सकिन्छ कि भनेर लागिरहेका छन्। पुरातनपन्थी र हावाहुरीबाट आएका शक्तिहरू पनि यसलाई कमजोर पार्न लागिरहेका छन्। त्यसैले लोकतान्त्रिक शक्तिहरूले नै यसको पहल र स्वामित्व लिनुपर्छ। नेपालको भूराजनीतिक संवेदनशीलताका कारण पनि व्यवस्था बलियो बनाउन हामीहरू नै लाग्नुपर्छ।"

राष्ट्रको स्वाधीनता र समृद्धिको नेतृत्व अरूले गर्न नसक्ने भएकाले लोकतन्त्रभित्र देखिएका समस्या समाधानको हैसियत लोकतान्त्रिक शक्ति र दलले नै सक्ने र यो जिम्मेवारीलाई सत्तापक्ष, प्रतिपक्ष सबैले ठीक ढङ्गले लिन जरूरी रहेको बताउनुभयो। प्रधानमन्त्रीले भन्नुभयो, "नीति, कार्यक्रम र बजेटको परम्परा अर्को वर्ष ब्रेक गर्छौं। अहिले हामीले नीति, कार्यक्रम र बजेटमा जुन मोडल र प्रक्रिया अवलम्बन गरेका छौँ, त्यसले समाधान दिँदैन। त्यसैले हामी यसलाई बदल्छौँ। जनप्रतिनिधि र सरोकारवाला सबैको अन्तर्क्रियाबाट सबैको अपनत्व हुने गरी नीति, कार्यक्रम र बजेट बनाउँछौँ।"

सङ्घीयताविरोधी शक्तिलाई हामीले व्यवहारबाट जवाफ दिन जरूरी रहेको र त्यसका लागि हाम्रो सोच र कार्यशैली बदल्नुपर्ने प्रधानमन्त्रीको भनाइ छ। उहाँले भन्नुभयो, "हामी बदलिएपछि मात्रै लोकतान्त्रिक प्रणाली बलियो हुन्छ। सबै तहका सरकारहरू त्यसरी लागौँ। फिल्डका समस्या राम्रोसँग आएका छन्, यसले हामीलाई राम्रो फिडब्याक दिएको छ। यसमा टेकेर अघि बढौँ।" सो बैठकमा अर्थमन्त्री डा प्रकाशशरण महत, सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री अमनलाल मोदी, कानुन, न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरूङ, विपक्षी दलको तर्फबाट पूर्वमन्त्री विष्णु पौडेल, प्रदेशका मुख्यमन्त्रीहरू, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा मीनबहादुर श्रेष्ठ, राष्ट्रिय सुरक्षा सल्लाहकार शङ्करदास बैरागी, नेपाल सरकारका मुख्यसचिव डा बैकुण्ठ अर्याल, नेपाल सरकारका सचिवहरू, जिल्ला समन्वय समिति महासङ्घ, नगरपालिका महासङ्घ र गाउँपालिका महासङ्घका प्रमुखलगायत उपस्थित हुनुहुन्थ्यो। बैठकले सङ्घीयताको प्रभावकारी कार्यान्वयनसम्बन्धी विविध प्रस्तावमाथि गहन छलफल गरी आवश्यक निर्णयसमेत गरेको छ।

## हरेक परिवर्तनको नेतृत्व कांग्रेसले गर्दै आएको छ : मन्त्री महत

**पोखरापत्र संवाददाता**
पोखरा, १६ असार

अर्थमन्त्री डा प्रकाशशरण महतले देशमा भएका सबै जसो परिवर्तनको नेतृत्व नेपाली कांग्रेसले गरेको बताउनुभएको छ।

नेपाली कांग्रेस गण्डकी प्रदेशद्वारा शनिबार पोखरामा आयोजित कार्यकर्ता भेटघाट कार्यक्रममा अर्थमन्त्री डा महतले भन्नुभयो, "राणाशासनदेखि पञ्चायत हुँदै माओवादीलाई शान्ति प्रक्रिया ल्याइ सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान जारी गर्ने काम कांग्रेसकै नेतृत्वमा भएको हो।"

लामो इतिहास बोकेर आएको पार्टीका भएकाले उहाँले कार्यकर्तालाई विचलित नभइ सङ्गठित रूपमा अगाडि बढ्न सुझाव दिनुभयो। नेपालमा कांग्रेसले जति अरु कुनै पनि पार्टीले काम नगरेको उहाँको दाबी थियो। आफूले गरेका कामको प्रचारप्रसार गर्न नजानेकै कारण कांग्रेस पछि परेको भन्दै उहाँले नयाँ पार्टीले सानो काम गरे पनि सामाजिक सञ्जालबाट ठूलो बनाएर प्रचारप्रसार गर्ने गरेको आरोप समेत लगाउनुभयो।

कानूनी शासनमा विश्वास गर्ने पार्टी भएकाले नेपाली कांग्रेसप्रति आमजनताको विश्वास र भरोसा सधैँ आएको बताउँदै उहाँले कांग्रेसलाई बलियो बनाउन कार्यकर्ता एक ढिक्का हुन आग्रह गर्नुभयो। "निर्वाचनबाट कांग्रेस सबैभन्दा ठूलो पार्टी बन्यो, कार्यकर्ताले पनि कांग्रेसले नै सरकारको नेतृत्व गर्नुपर्‍यो भन्ने सुझाव दिने गरेका छन्", उहाँले भन्नुभयो, "कांग्रेस एक्लैले बहुमत पुर्‍याउन नक्दा माओवादी केन्द्रलाई सरकारको नेतृत्व गर्न दिनु परेको हो।" उहाँले वर्तमान निर्वाचन प्रणालीबाट कुनै पनि दललाई बहुमत ल्याउन कठिन हुने समेत बताउनुभयो।

उहाँले मुलुकमा आर्थिक उन्नती तथा समृद्धिका लागि जनता केन्द्रित कार्यक्रम आवश्यक रहेको बताउनुभयो। जनता केन्द्रित कार्यक्रम नल्याएसम्म देशले विकासमा फड्को मान नसक्ने भन्दै उहाँले सोहीअनुसारको कार्यक्रम ल्याइएको बताउनुभयो। "सीमित स्रोत र साधानले धेरै काम गर्नुपर्ने अवस्था छ, चालु आर्थिक वर्षमा राजस्व सङ्कलन कम भएकाले केही विकास निर्माणका काम यसवर्ष कटौती भएका छन्", उहाँले भन्नुभयो। सो अवसरमा मन्त्री महतले अर्थतन्त्रलाई चलायमान बनाउँदै लगेको र आफूले कृषि क्षेत्रलाई प्रोत्साहन गर्न अनुदानको व्यवस्था गरेको समेत भनाइ राख्नुभयो।

## प्रदेश खेलकुद परिषद् गण्डकीको पाँचौ पूर्ण बैठक

**पोखरापत्र संवाददाता**
पोखरा, १६ असार



प्रदेश खेलकुद परिषद गण्डकीको पाँचौ पूर्ण बैठक शनिबार पोखरामा सम्पन्न भएको छ।

सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयका मन्त्री एवं प्रदेश खेलकुद परिषदका अध्यक्ष शुसिला सिंखडाको अध्यक्षतमा उक्त बैठक सम्पन्न भएको हो। यहि असार १ गते बाट राष्ट्रिय खेलकुद परिषद (राखेप)बाट जिल्लामा खटिएका कर्मचारीहरु लाई व्यवस्थापन गर्ने निर्णय गरेको छ। राखेपबाट विभिन्न १० जिल्लामा २० जना कर्मचारीहरु कार्यरत रहेको र सोही अनुसार अन्तर जिल्ला र परिषदले आफ्नै मातहातमा उनीहरुको व्यवस्थापन गर्ने गरी निर्णय गरेको हो। त्यस्तै बैठकले नवौं राष्ट्रिय प्रतियोगिताको तयारीको क्रममा बन्द प्रशिक्षणमा बाँकी रहेको रकमहरु भुक्तान गर्ने निर्णय गर्नुका साथै नव नियुक्त मन्त्री सिंखडालाई हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना समेत दिएको छ। यसैगरी मन्त्रालयका महाशाखा प्रमुख घनश्याम पौडेलले परिषदको सदस्य सचिवको रुपमा सफल भूमिका निर्वाह गरेकोमा बैठकले हार्दिक आभार समेत व्यक्त गरेको छ। बैठकमा आफ्नो सम्वोधनको क्रममा मन्त्री सिंखडाले खेलकुद क्षेत्रलाई अझै मर्यादित, अनुशासित, उत्कृष्ट संगै समृद्ध बनाएर अघि बढाउन परिषदले आफ्नो योजनाहरु अघि बढाउनु

बाँकी अन्तिम पृष्ठमा ▶▶

## फेवाताल संरक्षणका काम अघि बढाउन प्रधानमन्त्रीको ध्यानाकर्षण

**पोखरापत्र संवाददाता**
पोखरा, १६ असार

पोखरास्थित देशकै प्रमुख पर्यटकीय गन्तव्य फेवाताल संरक्षण काम अघि बढाउन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को ध्यानाकर्षण गराइएको छ। मानवीय तथा प्राकृतिक अतिक्रमणको चपेटामा परेको फेवातालको प्रभावकारी संरक्षणको पहल गर्न राष्ट्रिय सम्पदा तथा जनाधिकार संरक्षण समिति नेपाल शनिबार पोखरामा प्रधानमन्त्रीसमक्ष आग्रह गरेको हो।

संस्थाका अध्यक्ष सुनिल पाण्डे, अधिवक्ता भगवती पहारी, फेवातालको अतिक्रमित जग्गा छानविन समितिका तत्कालीन संयोजक विश्वप्रकाश लामिछाने लगायतले प्रधानमन्त्रीसँग भेट गरी रामसार सूचीमा समावेश तालको दिगो संरक्षणको आग्रह गर्नुभएको हो।

सो अवसरमा प्रधानमन्त्री दाहालले सरकार फेवाताल संरक्षण र सर्वोच्चका फैसला कार्यान्वयन गर्न प्रतिबद्ध रहेको बताउनुभयो। फेवाताल पोखराको भविष्यसँग जोडिएको भन्दै कुनै पनि हालतमा ताल संरक्षण गरेरै छाड्ने उहाँको प्रतिबद्धता थियो। प्रधानमन्त्री दाहालले भन्नुभयो, "फेवातालका विषयमा सरकार गम्भीर छ। अदालतको फैसला कार्यान्वयन गर्दै सम्पदा जोगाउने हाम्रो दायित्व हो। सरकारले यसका लागि काम गर्छ।" संस्थाका अध्यक्ष पाण्डेले फेवातालको ऐतिहासिक फैसला र मापदण्ड घटाउने निर्णय बदर गर्ने पछिल्लो अदालतको फैसला कार्यान्वयन गर्न सरकारले प्रभावकारी कदम चाल्न माग गर्नुभयो। अधिवक्ता भगवती पहारीले अब सर्वोच्च अदालतका फैसला र विभिन्न प्रतिवेदनका सुझाव कार्यान्वयन गर्नुको विकल्पै तीनवटै सरकारसँग नभएको बताउनुभयो।

फेवाताल अतिक्रमण र मापदण्डका सवालमा बारम्बार रिट निवेदन हाल्दै आउनुभएका पहारीले भन्नुभयो, "अब पनि चुप बस्ने हो भने ताल साँघुरिँदै बगरमा परिणत हुन्छ। अधिकारसम्पन्न निकाय गठन गरी अदालतका फैसला र आयोगका प्रतिवदेन कार्यान्वयन गर्नुपर्दछ।"

पर्यटकीय गन्तव्य फेवातालका संरक्षणका लागि विभिन्न समयमा काम हुँदै आएपछि प्रभावकारी हुनसकेको छैन। बर्सेनि ताल र सिमसार क्षेत्र पुरिँदै जाँदा तालको अस्तित्व समाप्त हुने चिन्ता बढेको छ। पछिल्लोपटक फेवातालसहित पोखराका आठवटा तालको मापदण्ड घटाउने पोखरा महानगरपालिकाको पूर्ववर्ती नेतृत्वको निर्णय सर्वोच्च अदालतले उल्टाइदिएको थियो। विसं २०७५ वैशाख १६ गतेसमेत सर्वोच्चले फेवाताल आसपासमा मापदण्ड मिचेर बनाइएका संरचना हटाउन परमादेश जारी गरे पनि कार्यान्वयन हुनसकेको छैन।


### सर्पदंश (सर्पको टोकाई) बाट बच्न ।

◆सर्प लुक्न सक्ने सम्भावित स्थानको खोजी गरी त्यस्ता ठाँउहरुको व्यवस्थापन गरौं,
◆घरवरीपरि सफा राखौं, प्वालहरु टालौं,
◆खुलास्थानमा शौच नगरौं,
◆खालि खुट्टा नहिडौं, जुत्ता वा गमबुट लगाऔं,
◆लट्ठि लिएर हिंडौं,
◆सम्भव भएसम्म खाटमा सुतौं,
◆सुत्दा झुलको अनिवार्य प्रयोग गरौं,
◆सुत्नेबेलामा ओछ्यान राम्ररी हेरौं,
◆राती हिंड्दा टर्चको प्रयोग गरौं,
◆पराल दाउरा आद निकाल्दा होसियारी अपनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड






पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# गण्डकी प्रदेशस्तरीय महिला भलिबलको उपाधि म्याग्दीले जित्यो

पोखरापत्र संवाददाता
पोखरा, १६ असार

गण्डकी प्रदेशस्तरीय महिला भलिबलको उपाधि म्याग्दीले जितेको छ।

पोखरा रंगशालास्थित बहुउद्धेश्यिय कभर्डहलमा भएको सनसनीपूर्ण फाइनलमा पर्वतलाई ३-२ सेटले पराजित गर्दै उपाधि जितेको हो। उपाधि संगै म्याग्दी नगद १ लाखका साथमा ट्रफी, मेडल तथा प्रमाणपत्र हात पारेको छ भने उपविजेता पर्वतले नगद ७० हजारका साथमा ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्न सफल भयो। यस अघि भएको फाइनल खेलमा पहिलो सेट २५-१५ ले जितेर म्याग्दीले पर्वत माथी दवाव बनाउने प्रयास गरे पनि दोश्रो सेट २५-२३ र तेश्रो सेट २५-१७ ले जित्दै म्याग्दी विरुद्धको खेलमा पर्वत पुरै हावी बन्यो। तर चौथो सेट २५-१५ ले र अन्तिम तथा पाँचौ सेट १५-१० ले जित्दै म्याग्दीले उपाधि जित्न सफल भयो। प्रतियोगितामा बागलुङ जिल्ला तेश्रो भएको छ। बागलुङले स्याङजालाई ३-१ सेटले पराजित गर्दै तेश्रो स्थान बनाउन सफल भयो। स्याङजा




संग भएको खेलमा बागलुङले पहिलो सेट २५-१९ ले गुमाए पनि अन्तिम तिन सेट लगातार जित्दै नगद ४० हजारको पुरस्कार राशीको हकदार बनाउन सफल भयो। बागलुङले २५-१२, २५-२३ र २५-१५ ले खेल जितेको थियो। प्रतियोगितामा उत्कृष्ट खेलाडी पर्वतकी पुजा सेन ठकुरी घोषित भइन् भने उत्कृष्ट स्पाइकरको उपाधि म्याग्दीकी पवित्रा श्रीपाली र उत्कृष्ट सेटरको उपाधि म्याग्दीकी रेवीना घर्ती मगर बन्न सफल भए। सबै खेलाडीहरुले नगद रु ५ हजारका साथमा ट्रफी तथा प्रमाणपत्र प्राप्त गरे। प्रतियोगितामा विजेता खेलाडी तथा टिमलाई सामाजिक विकास तथा स्वास्थ्य मन्त्री शुसिला सिंखडा, भौतिक पूर्वाधार तथा यातयात ब्यबस्था मन्त्री रेशम बहादुर जुग्जाली, गण्डकी प्रदेश सांसद प्रकाश बराल, सामाजिक विकास मन्त्रालयका सचिव बद्रीनाथ अधिकारी, परिषदका उपाध्यक्ष धोज कुमार गुरुङ, सदस्य सचिव श्रीधर शर्मा लगायतले नगद, ट्रफी तथा मेडल वितरण गरेका थिए।

प्रदेश खेलकुद परिषद गण्डकीको आयोजना तथा गण्डकी प्रदेश भलिबल संघको ब्यबस्थापनमा तिन दिन जारी प्रतियोगितामा ११ जिल्लाको सहभागिता रहेको थियो।

समापन कार्यक्रममा बोल्दै सामाजिक विकास तथा स्थास्थ्य मन्त्री सिंखडाले प्रदेशको खेलकुद विकासका लागि मन्त्रालय प्रतिवद्ध रहेको जनाउँदै प्रतियोगिताले गण्डकी प्रदेशको महिला भलिबल खेल विकासमा सहयोग पुग्ने बताइन्।

# पोखरामा पहिलो पटक साहित्यिक संस्थाबीच परिचयात्मक अन्तरक्रिया

पोखरापत्र संवाददाता
पोखरा, १६ असार

हेमजा साहित्य प्रतिष्ठान नेपालको आयोजनामा शनिवार पोखरामा क्रियाशील साहित्यिक संघसंस्थाबीच परिचयात्मक अन्तरक्रिया सम्पन्न भएको छ।

प्रतिष्ठानले संस्था स्थापनाको रजत वर्षको सन्दर्भ पारेर उक्त कार्यक्रमको आयोजना गरेको हो। कार्यक्रमका वक्ताले नेपाली भाषा, कला, साहित्य, संगीत र संस्कृतिको श्रीवृद्धिमा विभिन्न संघसंस्थाले गरेको योगदानको मूल्याङ्कन राज्यबाट नभएकोमा चिन्ता व्यक्त गरे।

परिचयात्मक अन्तरक्रिया कार्यक्रमका अर्न्तराष्ट्रिय नेपाली साहित्य समाज गण्डकीका महासचिव असफल गौतम, शुक्ला साहित्य प्रतिष्ठान बाटुले चौरका अध्यक्ष हरि बरुवाल, सिर्जनशील लोकतान्त्रिक प्रतिष्ठानका अध्यक्ष विष्णुप्रसाद शर्मा, हरिदेवी कोइराला साहित्य संगीत सम्मान कोषका अध्यक्ष कृष्णप्रसाद बास्तोला, सिर्जना साहित्य सदन घाचोकका अध्यक्ष



शिवप्रसाद पोखरेल, लेखनाथ साहित्य प्रतिष्ठानका उपाध्यक्ष छवि सुवेदी, मुकुन्दशरण वाङ्मय परिषद्का उपाध्यक्ष टेकनाथ पीडित, लघुकथा प्रतिष्ठानका उपाध्यक्ष कल्याण पन्त, राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठानका कास्कीका सचिव परशुराम अधिकारी, अली मियाँ लोकवाङ्मय प्रतिष्ठानका सहसचिव धर्मराज अल्पायु, गीताञ्जली साहित्य परिवारका नरेन्द्र रानाभाटले संस्थाको चिनारी प्रस्तुत गरेका थिए।

संस्थाले २५, वर्ष २५ विशेष कार्यक्रमअन्तर्गत पाँचौं कार्यक्रमका रूपमा उक्त कार्यक्रम आयोजना गरिएको र अन्तरक्रियामा पनि २५ संस्थालाई आमन्त्रण गरिएकोमा भौतिकरूपमा उपस्थित हुन नसकेका दर्जन बढी संस्थाले आफ्नो चिनारी विद्युतियमाध्यमबाट पठाएर सहभागी भएको अध्यक्ष बलराम पौडेलले जानकारी गरए। सोही समारोह बीच संस्थाले संस्थापक पदाधिकारीहरूलाई सम्मानसमेत गरेको छ।

यसरी सम्मानित हुनेमा संस्थापक सचिव कोविदशरण उपाध्याय, र संस्थापक अन्य पदाधिकारी शोभाकर तिम्सिना, कृष्णप्रसाद पौडेल, प्रा.डा.रमनाथ ओभा, माधवशरण बास्तोला, धर्मराज बास्तोला, कुलप्रसाद दाहाल, कृष्ण उदासी रहेका थिए।

कार्यक्रमको उद्घाटन गदै गण्डकी प्रज्ञा प्रतिष्ठानका कुलपति सूर्य खड्का बिखर्चीले आजको व्यवस्था ल्याउनका लागि साहित्यकारहरूको ठूलो भूमिका रहेकाले प्रतिष्ठान सधैं सर्जकसँग रहने बताए। कुलपति बिखर्चीलाई रजत जयन्ती विशेष सम्मानसमेत गरिएको कार्यक्रममा सम्मर गायक, लालबहादुर गायक र सम्मरबहादुर गायकसँग सारङ्गी प्रशिक्षणमा रहेका भाइबहिनीले गन्धर्व गीत प्रस्तुत गरेका थिए।

कार्यक्रममा सम्मानितकातर्फबाट प्रा.डा. रमनाथ ओभा, कोविदशरण उपाध्याय, शोभाकर तिम्सिन समाजसेवी ऋषिराम पौडेलगायतले बोलेका थिए। प्रतिष्ठानका अध्यक्ष बलराम पौडेलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा सहसचिव गंगा त्रिपाठीको स्वागत मन्तव्य र सचिव परशुराम अधिकारीको सञ्चालन रहेको थियो।

# अर्थतन्त्रमा सुधार हुदै आएको छः अर्थमन्त्री महत

पोखरापत्र संवाददाता
पोखरा, १६ असार

नेपाल सरकारका अर्थ मन्त्री डा.प्रकाशशरण महतले नेपालको अर्थतन्त्रमा विस्तारै सुधार हुदै आएको बताउनु भएको छ।

नेपाल प्रेस यूनियन कास्कीले शनिबार पोखरामा आयोजना गरेको पत्रकार भेटघाट कार्यक्रममा बोल्दै मन्त्री महतले उक्त कुरा बताउनु भएको हो। उहाँले भन्नु भयो "अर्थतन्त्रमा सुधारका संकेतहरु देखिएका छन, पर्यटन व्यवसाय फष्टाउदै आएको छ, बैंकको व्याजदरमा केही कम हुन थालेको छ अब राष्ट्र बैंकले यसमा केही थप सुधार गर्ने छ।" बजेट निर्माणमा धैरै चुनौती रहेको बताउदै उहाँले बैंदेशीक ऋणको दाहित्व बड्दै गएको उल्लेख गर्नु भयो। पूंजिगत बजेट धैरै खर्च गर्न नसक्ने अबस्थामा रहेको बताउदै मन्त्री महतले सामाजिक सुरक्षा भक्ता, प्रशासनिक खर्च घटाउन तर्फ लागेको सरकारको ध्यान केन्द्रित भएको बताउनु भयो।

पूजिंगत खर्च गर्न नसक्नुका कारणहरु पत्ता लगायर अब भने दोश्रो चरणको सुधार थाल्न बजेटमा निश्चित समय भित्र ठेक्का लगाउने पूजिंगत खर्च बढाउने र प्रशासनिक खर्च सकेसम्म कम गर्न तर्फ सरकारको ध्यान केन्द्रित हुने मन्त्री महतले बताउनु भयो। नेपाली कागेंसका प्रवक्ता समेत रहनु भएको मन्त्री महतले सत्ता गठबन्धन फेर्ने बिषयमा सबै भ्रम भएको बताउनु भयो।




संसदमा सबैसंग भेटभाट भई रहेको बताउदै उहाँले गठबन्धन फेर्ने भन्ने बिषयमा कुनै कुरा नभएको जनाउनु भयो। निश्चित लक्ष्यका साथ आर्थिक बिकास गर्ने, अर्थतन्त्रलाई चलायमान बनाउने अभियानमा हाल गठबन्धन नै लागेको मन्त्री महतले बताउनु भयो। नेपाली कागेंस निजी क्षेत्रलाई प्रोत्साहन गर्दै आर्थिक बृद्धिको बहाक निजी क्षेत्र र त्यसको वितरणको बहाक सरकारले गर्नु पर्ने उहाँले बताउनु भयो। प्रेस युनियन कास्कीका अध्यक्ष बासु मिश्रको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो। यसैबिच, अर्थमन्त्री महत पोखराको विन्ध्यवासिनी मन्दिरमा दर्शन गर्नु भएको छ। मन्त्री समक्ष विन्ध्यवासिनी धार्मिक क्षेत्र विकास समितिका अध्यक्ष गणेश बहादुर श्रेष्ठले मन्दिरको बारेमा र हाल ११ करोडमा निर्माण हुदै गरेको प्राकृतिक चिकित्सालयको बारेमा जानकारी गराउनु भएको थियो। मन्त्री महतले मन्दिरको अधुरा र अपुरा कार्य पूरा गर्न आवश्यक सहयोग गर्ने वचन समेत दिनु भएको छ।

## संविधान र गणतन्त्रको रक्षाका लागि समाजवादी मोर्चा गठन : अध्यक्ष नेपाल

रासस
काठमाडौं, १६ असार

नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष तथा पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले संविधान र गणतन्त्रको रक्षाका लागि समाजवादी मोर्चा निर्माण भएको बताउनुभएको छ।

नेपाल नेवाः राष्ट्रिय सङ्घ (समाजवादी)को प्रथम बागमती प्रदेश कमिटी भेलामा अध्यक्ष नेपालले लामो जनसङ्घर्षबाट मुलुकमा प्राप्त राजनीतिक उपलब्धिविरुद्ध षड्यन्त्र भइरहेकाले समाजवादी मोर्चा निर्माण भएको बताउनुभयो। मोर्चा कसैलाई एक्ल्याउनका लागि नभएको उहाँको दाबी छ। अध्यक्ष नेपालले आफ्नो तत्काल कुनै पार्टीसँग एकता नहुने स्पष्ट पार्नुभयो। परिवर्तनका पक्षधर शक्ति एकताबद्ध भएर अगाडि बढ्नुपर्नेमा जोड दिँदै उहाँले संविधानबारे बिमति राख्ने शक्ति पनि प्रजातान्त्रिक प्रणालीमा विश्वास गर्नुपर्ने विचार व्यक्त गर्नुभयो। उहाँले मोर्चाको आगामी कार्यदिशा र कार्यक्रम तय गर्न बैठक आयोजना गर्ने तयारी भइरहेको जानकारी दिनुभयो।

# बाँभापाटन 'क' टोल विकासको १४ औ साधारण सभा

पोखरापत्र संवाददाता
पोखरा, १६ असार

पोखरा महानगरपालिका वडा नं १३ स्थित बाँभापाटन क टोल विकास संस्थाको १४ औं साधारण सभा शनिवार सम्पन्न भयो।

वडा नं १३ का अध्यक्ष किरण वराललले सभाको उद्घाटन गर्दै जनधनको सुरक्षाको लागि नगर कुलो माथि स्ल्याप राखिदिने वचन वद्धता गरे। समाज विकासको लागि सवै सकारात्मक भएर अगाडि बढ्नु पर्ने धारणा राखे अध्यक्ष वराललले।

बाँभापाटन क टोल विकास संस्थका सचिव मेन कुमार गुरुङले ९७ घरदुरी भएको संस्थामा विकासका कार्यहरु धैरै गरिसकेको जानकारी दिंदै



आगमी दिनमा शिक्षा र स्वास्थ्य क्षेत्र सुधारमा जानु पर्ने धारणा राखे। कमलपोखरी मार्ग टोल विकास संस्थाका अध्यक्ष सु. इन्द्रवहादुर गुरुङले वातवरणी मैत्री वनाउन आफ्नो घर अगाडि विरुवा रोप्न अनुरोध गरे।


बाँभापाटन क टोल विकास संस्थाका अध्यक्ष सूर्य लक्ष्मी श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा बाँभापाटन तमू समाजका अध्यक्ष नासु कृष्ण वहादुर गुरुङ, पोखरापत्र दैनिकका कार्यकारी सम्पादक शोभाकान्त सिग्देल, संस्थका कोषाध्यक्ष क्या.गञ्जवहादुर गुरुङ लगायत वोलेको कार्यक्रममा उपाध्यक्ष नौ वहादुर गुरुङले स्वागत र सचिव मेनकुमार गुरुङले संचालन गरेका थिए।

## प्रदेश...

पर्ने कुरामा जोड दिइन्। खेलकुद ऐनमा भएका समस्याहरुका विषयमा आफूले अध्ययन गर्ने बताउँदै खेलकुद क्षेत्रलाई हिजोको भन्दा अझै गतिशिल बनाउन मन्त्रालय प्रतिवद्ध भएको जनाइन्। मन्त्री सिंखडाले खेलकुदमा रहेको अनुशासनलाई व्यवहारमा लागु गर्न सके खेल क्षेत्रले अझै धैरै समृद्ध हासिल गर्ने कुरामा आफू विश्वस्त रहेको बताउँदै उनले आफ्नो संस्कारमा परिवर्तन गर्न समेत जोड दिइन्।

बैठकमा परिषदका उपाध्यक्ष धोज कुमार गुरुङ, सदस्य सचिव श्रीधर शर्मा, कार्यकारी सदस्य दिल बहादुर गुरुङ, तारामायाँ थापा मगरलगयात परिषदका सदस्यहरुको सहभागिता रहेको थियो।

यस अघि पहिलो पटक पोखरा रंगशालास्थित परिषदको कार्यालय आएकी मन्त्री सिंखडालाई परिषदका उपाध्यक्ष गुरुङ, सदस्य सचिव शर्मा, कार्यकारी सदस्यहरु, परिषदका सदस्यहरु, कार्यालय प्रमुख तोपालाल भुसाल, लेखा प्रमुख निलकण्ठ भुसालगातले स्वागत गरेका थिए।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।
महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।
सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जीवनमा न मनोविनोदको स्थान छ न आँसुको, जीवन त एउटा सेवासदन हो । - लियो टोल्सटोय

## सम्पादकीय

# ढल्यो कोसीको एमाले सरकार

नेकपा एमाले र नेकपा माओवादी केन्द्रबीचको गठबन्धन भत्केसँगै एमाले संघ र प्रदेश सरकारबाट बाहिरिएको छाएमालेलाई हरेक मोर्चाबाट एक्ल्याउन काङ्ग्रेसले माओवादी केन्द्र र एकीकृत समाजवादीलाई काँधमा बोक्दै आएको छ । मंसिर ४ को चुनावपछि कांग्रेससँगको गठबन्धन भत्काएर माओवादी केन्द्रसहितको समीकरण बनाउँदा ७ मध्ये ४ वटा प्रदेश सरकारको नेतृत्व गरेको एमाले अहिले सबै प्रदेशबाट बाहिरिएको छ ।

एमाले नेतृत्वको ७ दलीय गठबन्धन दुई महिना नपुग्दै भत्किएसँगै एमाले संघदेखि प्रदेशसम्म सरकारबाट बढारिएको हो । पुस १० गते बनेको सातदलीय गठबन्धन राष्ट्रपतिको निर्वाचनमा आइपुग्दा टुटेको थियो । एमालेको प्रस्तावित व्यक्तिलाई राष्ट्रपति मान्न नसक्ने भन्दै प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले चुनावअघिकै कांग्रेस नेतृत्वको गठबन्धन ब्यूँताएपछि एमाले सरकारबाट बाहिरिने क्रम सुरू भयो । असार १५ मा कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्की नेतृत्वको सरकार ढलेको छ । विश्वासको मतको प्रस्तावको पक्षमा ४६ मत र विपक्षमा ४३ मत खसेको छ । कार्कीले २०७९ पुस २४ मा नियुक्त भई २५ गते शपथ लिएका थिए । ९३ सदस्यीय कोशी सभामा बहुमतका लागि ४७ सांसद चाहिनेमा कार्कीको पक्षमा एमालेका ४० र राप्रपाका ६ प्रदेशसभा सदस्यले भोट हाले । विपक्षमा गठबन्धन दलमा रहेका कांग्रेसका २९, माओवादीका १२ र नेकपा एसका ४ प्रदेशसभा सदस्यले मत हालेका छन् । गठबन्धन घटकमा रहेको जसपाकी सांसद निर्मला लिम्बू भने बैठकमा अनुपस्थित थिइन् ।

यसअघि वैशाख ११ गते लुम्बिनीको लीला गिरी नेतृत्वको सरकार ढल्यो । त्यहाँ अहिले माओवादीसहित कांग्रेस नेतृत्वको गठबन्धनबाट कांग्रेसका डिल्लीबहादुर चौधरी मुख्यमन्त्री बनेका छन् । यस्तै, गण्डकीमा पनि बैशाख १० गते एमालेका खगराज अधिकारी नेतृत्वको सरकार ढलेको थियो । गण्डकीमा अहिले कांग्रेसका सुरेन्द्रराज पाण्डे मुख्यमन्त्री छन् । माघ २६ मा एमालेका राजेन्द्रसिंह रावलले विश्वासको मत पाउन नसकेपछि सुदूरपश्चिम प्रदेशमा कमलबहादुर शाह मुख्यमन्त्रीमा नियुक्त भएका छन् । सुरुआतदेखि नै मधेशमा जसपा नेतृत्वको सरकार कायमै रहँदा बागमती र कर्णालीमा माओवादी नेतृत्वको सरकार छ ।

काङ्ग्रेस एमालेलाई वडाका उपभोक्ता समितिमा समेत हटाउन अरु सबैसँग गठबन्धन गर्न तयार भएको छास्वस्थानीमा महादेवले सतिदेवीको लासलाई काँधमा बोकेर हिड्दा अंग पतन भएको थाहा पाउँदैन्थे भने जस्तै काङ्ग्रेसले गठबन्धनका दलका नेताहरू बोकेर हिँडेको छाअर्को चुनावमा गठबन्धन नगरे सबै सिधिन्छ भन्ने डरले एमालेलाई ढलाएर माओवादी केन्द्र ,नेकपा एस,जसपा , लोसपा र नाउपालाई बोकेर हिँडेको छा काङ्ग्रेसले प्रदेश सरकारलाई अस्थिर बनाउन खोज्दा प्रदेशको औचित्य छैन भन्नेलाई बल पुगेको छानेकपा एमालेले काङ्ग्रेसको विकल्प माओवादी केन्द्रलाई बनाउन खोज्दा सबै मोर्चाबाट बाहिरिन परेको छाकाङ्ग्रेस र एमालेको अस्वस्थ र छिर्के हान्ने खेल कायम रहँदा सम्म राजनीतिक अस्थिरता कायमै रहनेछ ।

# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : सत्कार मिल्नेछ |
| वृष | : शत्रुको भय | वृश्चिक | : सम्मान मिल्नेछ |
| मिथुन | : झमेला बढ्ने | धनु | : आर्थिक समस्या |
| कर्कट | : कार्यमा सफलता | मकर | : मानसिक तनाव |
| सिंह | : मन चञ्चल | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : व्यापारमा लाभ |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्फनुहोस् ।

# सामुदायिक विद्यालयलाई ल्यापटप वितरण

**पोखरापत्र संवाददाता**
तनहुँ, १६ असार

जिल्लाको ऋषिङ्ग गाउँपालिका कार्यालयले गाउँपालिकाभित्र रहेका आठ सामुदायिक विद्यालयलाई ल्यापटप उपलब्ध गराएको छ । विद्यालयलाई प्रविधिमैत्री बनाउने उद्देश्यअनुरुप विद्यालयबाट माग भइआएको निवेदनका आधारमा ल्यापटप वितरण गरेको हो ।

सबै सामुदायिक विद्यालयमा कम्प्युटर जडान भए पनि विद्युत् लाइन नहुँदाको समयमा ल्यापटप सहज हुने भएकाले ल्यापटप उपलब्ध गराइएको गाउँपालिकाका प्रवक्ता विजय दैरले जानकारी दिनुभयो । विद्यालयमा मात्रै नभई प्रयोगात्मक काममा विद्यालय बाहिर जाँदा पनि ल्यापटप लैजान सजिलो हुने भएकाले विद्यालयलको मागबमोजिम प्राथमिकताका आधारमा ल्यापटप हस्तान्तरण गरिएको उहाँले बताउनुभयो । प्रवक्ता दैरका अनुसार शुक्ला मावि, सहिदगङ्गा मावि, राधा आवासीय विद्यालय, महेन्द्रदोय, जयदुर्गा मावि, श्रृग मावि, सरस्वती आवासीय विद्यालय र शिवसरस्वती माविलाई ल्यापटप प्रदान गरिएको छ । गाउँपालिकाले ७० प्रतिशत र विद्यालयले ३० प्रतिशत लगानी गरेर खरिद गरेको गाउँपालिकाका अध्यक्ष राजेन्द्रकृष्ण श्रेष्ठले जानकारी दिनुभयो । उहाँका अनुसार प्रतिल्यापटप रू ९० हजारका दरले खरिद गरिएको हो । गाउँपालिकाभित्र रहेका ११ वटा मावि र ३४ आधारभूतसहित ४५ वटै सामुदायिक विद्यालयमा कम्प्युटर जडान गर्ने लक्ष्य रहेको उहाँले बताउनुभयो । अध्यक्ष श्रेष्ठका अनुसार गत वर्ष १० वटा विद्यालयलाई कम्प्युटर प्रदान गरिसकिएको छ । उहाँले भन्नुभयो, "बाँकी रहेका अन्य विद्यालयलाई पनि क्रमिक रूपमा वितरण गर्दै प्रविधिमैत्री बनाइने छ ।"

# छिम्केश्वरी मन्दिरमा पित्तलको छानो

**पोखरापत्र संवाददाता**
तनहुँ, १६ असार

तनहुँको सबैभन्दा अग्लो स्थानमा रहेको छिम्केश्वरीमाई मन्दिरको छानो 'प्यागोडा' शैलीमा निर्माण थालिएको छ । आँबुखैरेनी गाउँपालिका-५ मा अवस्थित प्रसिद्ध छिम्केश्वरी मन्दिरको छानो प्यागोडा शैलीमा निर्माण थालिएको हो ।

छिम्केश्वरी समुद्र सतहबाट दुई हजार एक सय ३४ मिटर उचाइमा अवस्थित छ । विगत दुई वर्षदेखि छिम्केश्वरीमाई मन्दिरको पुनःनिर्माण भइरहेको छ । निर्माणको अन्तिम चरणमा पुगेको मन्दिरमा पित्तलको छानो छाउने काम भइरहेको गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "पित्तलले छाएर मन्दिरलाई आकर्षण बनाउन लागिएको हो ।" भक्तपुरबाट कालीगढ मगाएर छानो छाउने काम भइरहेको छ । चुमानका अनुसार असार मसान्तभित्रै काम सम्पन्न गर्ने लक्ष्य राखिएको छ । छिम्केश्वरी मन्दिर पुनःनिर्माणका लागि करिब रु ८० लाख खर्च भइसकेको छ ।

गाउँपालिकाले छिम्केश्वरीमाई मन्दिर नजिकै रहेको बूढीमाईको मन्दिर पनि पुनःनिर्माण गर्ने लक्ष्य राखेको छ । सात देवीमध्ये जेठी बुढीमाईको मन्दिर काठैकाठले पुनःनिर्माण गर्ने लक्ष्य राखिएको छ ।

गोरखा मनकामनाकी दिदीका रुपमा पुजिँदै आएकी छिम्केश्वरीमाई मन्दिरमा पूजाआजा गरेपछि मनले चिताएको इच्छा पूरा हुने धार्मिक विश्वास रहँदै आएको बताइन्छ । सात देवीमध्ये जेठी बूढीदेवीमाई र माइली छिम्केश्वरीमाई छिम्केश्वरी लेकमै अवस्थित छन् भने साइली गोरख कालीमाई, काइली मनकामनामाई, अन्तरी इच्छाकामनामाई, जन्तरी अन्नपूर्णामाई र कान्छी अकलामाईलाई सोही स्थलबाट दृश्यावलोकनसहित दर्शन गर्न सकिन्छ । छिम्केश्वरीबाट धौलागिरि, अन्नपूर्ण, लमजुङ, मनास्लु, माछापुच्छ्रेलगायतका हिमाल आँखै अगाडि हेर्न सकिन्छ । महाभारत शृङ्खलाको सबैभन्दा अग्लो स्थानमा रहेको छिम्केश्वरीलाई धार्मिक पर्यटनको केन्द्रविन्दु बनाउने गाउँपालिकाको लक्ष्य छ । धार्मिक पर्यटन केन्द्र बनाउनका लागि यस ठाउँलाई प्राथमिकताका साथ बजेट विनियोजन गरिएको अध्यक्षको चुमानको भनाइ छ । चुमानले भन्नुभयो, "छिम्केश्वरीलाई प्रमुख पर्यटकीय गन्तव्यस्थल बनाउन योजनाबद्धरुपमा लागेका छौँ । आगामी आर्थिक वर्षको बजेटमा पनि छिम्केश्वरीको विकासका लागि रु ५० लाख बजेट विनियोजन गरिएको छ ।" छिम्केश्वरी मन्दिर पुग्नका लागि गण्डकी प्रदेश सरकारको सहयोगमा पैदलमार्ग र रेलिङ निर्माण गरिएको छ ।

# भारी वर्षाको सम्भावना

**रासस**
काठमाडौं, १६ असार

मुलुकमा जारी मनसुनी वायुको प्रभावले केही स्थानमा मेघगर्जन र चट्याङसहित भारी वर्षाको सम्भावना छ ।

जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाका अनुसार हाल देशभर आंशिकदेखि सामान्य बदली रहेको छ ।

लुम्बिनी प्रदेशको थोरै स्थानमा र कोशी, गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशका केही स्थानमा हल्का वर्षा भइरहेको छ । रातिको समयमा कोशी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका एक-दुई स्थानमा भारी वर्षाको सम्भावना छ। काठमाडौं उपत्यकाको आकाश अहिले आंशिक बदली रहेको छ । राति वर्षाको सम्भावना छ ।

आइतबार पनि देशभर आंशिकदेखि सामान्य बदली रहने अनुमान गरिएको छ । कोशी र सुदूरपश्चिम प्रदेशको केही र बाँकी प्रदेशका थोरै स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना छ। साथै कोशी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका एक-दुई स्थानमा मेघगर्जन/चट्याङसहित भारी वर्षाको सम्भावना छ ।

**पासपोर्ट हरायो**

मिति २०८० वैशाख ३० गते महेन्द्रपुलबाट बगर जाँदै गर्दा मेरो निम्न विवरणको पासपोर्ट हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

नामः प्रकाश गुरुङ
पासपोर्ट नं.: ०७९००३७५
सम्पर्क नं.: ९८२३४०७५४५

# लक्ष्मी आवासीय मा.वि.मा अन्तरक्रिया

**पोखरापत्र संवाददाता**
पोखरा, १६ असार

न्युरोड ८ स्थित लक्ष्मी आवासीय माध्यमिक विद्यालयमा प्राचार्य र अभिभावक बिच अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ ।

विद्यालयमा सञ्चालित कार्यक्रम अन्तर्गत विद्यालयमा भईरहेको गतिविधि, विद्यार्थीको उपलब्धि, अभिभावकको सुझाव र अगामी गतिविधि सम्बन्धमा कार्यक्रम संचालन गरेको हो । कार्यक्रममा विद्यालयका प्राचार्य विश्व युधिर पौडेलले आफ्नो परिचय दिदै विद्यार्थीहरुलाई व्यवहारिक शिक्षा तर्फ उन्मुख गराउने, नया प्रणाली अनुसारको शैक्षिक नीति ल्याउने र विद्यालयको शैक्षिक गुणस्तरलाई ध्यान दिदै अगाडी बढ्ने बताए । उनले त्यसको लागी विद्यालयको शिक्षक, विद्यार्थी र अभिभावक सबैको सहयोग आवश्यक रहेको पनि बताए । साथै सिकाईले शैक्षिक गुणस्तरमा वृद्धि हुने भएकोले विद्यार्थीहरुलाई रचनात्मक गतिविधि तर्फ पनि प्रोत्साहन गर्दै आएको र त्यसलाई निरन्तरता, दिने पनि बताए । कक्षा दुई देखि ६ सम्म लगभग ७५ जना अभिभावक उपस्थित भएको उक्त कार्यक्रममा अभिभाकहरुले पनि आफ्ना भनाईहरुलाई राख्दै विद्यालयको प्रगतीको लागी साथ र सहयोग सधै रहने पनि बताएका छन् ।

विश्व युधिर पौडेल भर्खरै मात्र प्राचार्यको रुपमा विद्यालयमा प्रवेश भएका हुन् ।

# हराउँदै बाँसबाट बनेका सामग्री

**पोखरापत्र संवाददाता**
म्याग्दी, १६ असार

प्लास्टिक जन्य सामानले निगालो र बाँसबाट बनाइने टोकरी, डाली, भकारी, थुन्से, मान्द्रो, नाङ्लोजस्ता सामानलाई विस्थापित बनाएको छ ।

कम लागतमा तयार पार्न सकिने आर्थिकरुपमा मितव्ययी, वातावरणमैत्री निगालो र बाँसबाट बनाइएका सामग्री विस्थापित र सीपको पुस्तान्तरण पनि हुन सकेको छैन । नयाँ पुस्तामा सीप हस्तान्तरण, प्रवर्द्धन, संरक्षण र प्लास्टिकजन्यको विकल्पमा स्थानीय सामग्रीको प्रयोग बढाउन म्याग्दीको अन्नपूर्ण गाउँपालिका-५ मा रहेको शिख माविका विद्यार्थीलाई निगोलोबाट सामान बनाउने तालिम दिइएको छ ।

सामाजिक विकास कार्यालय म्याग्दीको आर्थिक सहयोगमा कक्षा ८, ९ र १० का ४० जना विद्यार्थीलाई बिहीबार र शुक्रबार सीपमूलक तालिम दिइएको प्रअ केदार कार्कीले बताउनुभयो । "वातावरणलाई दूषित बनाउने र पैसा बाहिरिने प्लास्टिक जन्य सामानको विकल्पमा निगालोका सामग्रीको प्रयोग बढाउने र सीप हस्तान्तरण गर्ने उद्देश्यले तालिम सञ्चालन गरिएको हो", उहाँले भन्नुभयो, "निगालोबाट सामान बनाउने आधारभूत सीप सिकेका विद्यार्थीले बर्खे बिदामा बनाउने सामग्री विद्यालयले खरिद गर्छ ।" फोहर फाल्न प्रयोग हुने प्लास्टिकको डस्टिबिनको विकल्पमा निगालोको डाली र डोका उत्पादन गर्न विद्यार्थीलाई बर्खे बिदाको गृहकार्य दिइएको हो । उनीहरूलाई शिखका बोमबहादुर पुन र किन्दुका चन्द्रबहादुर सुनारले निगालोबाट चोया र चोयाबाट विभिन्न सामान बनाउने सीप सिकाउनुभएको थियो । ग्रामीण क्षेत्रमा केही वर्षअधिसम्म निगालोबाट बनाइएका थुन्से, डोका, डाली, नाम्लो, दाम्लो, भकारी, नाङ्लोका सामग्रीको प्रयोग हुने गर्दथ्यो । प्लास्टिकजन्य सामानको आयात हुन थालेपछि निगालोका सामानले बजार नपाउँदा सीपयुक्त जनशक्ति परम्परागत पेसाबाट पलायन र सामान खरिद गर्दा नगद बाहिरिएको छ । उच्च पहाडी क्षेत्रको जङ्गलमा प्रशस्त पाइने निगालो प्रयोग हुन नसकेर खेर गइरहेको छ ।

परम्परागत सीपको संरक्षण र नयाँ पुस्तालाई हस्तान्तरण गरी वातावरणलाई असर पुग्ने प्लास्टिकजन्य सामग्रीको प्रयोग तथा आयात घटाउने र रोजगारी सिर्जना गराउने उद्देश्यले तालिम सञ्चालनमा सहयोग गरिएको सामाजिक विकास कार्यालय म्याग्दीका प्रमुख रमेश थापाले बताउनुभयो ।

# मनाङको यात्रा : कटे मनाङ, झरे मर्स्याङ्दीमा

**- जनक श्रेष्ठ**
लमजुङ, १६ असार

घन, छिनो र सावेलले ठूलाठूला चट्टान खोपेर बनाइएको सडक । तल हेर्दा आँङ नै सिरिङ हुने भीर, त्यो भन्दा तल रिँगटा लाग्ने गरी गड्गडाउँदै बगिरहेको मर्स्याङ्दी नदी । माथि उस्तै अजङ्गको चट्टानी पहरो । यो अवस्था हिमालपारीको जिल्ला मनाङ जाने सडकको हो ।

उतिबेला अहिले जस्तो डोजर र एस्काभेटर चलाएर सडक बनाइदैनथ्यो । साँघुरो कच्ची सडक, हरेकपटक जोखिम मोल्नुपर्ने अवस्था । ठाउँठाउँमा बगेको पहिराका कारण थप जोखिमपूर्ण यात्रा । अहिले वर्षाको समयमा यही जोखिमपूर्ण सडक पार गर्दै दैनिक सयौँ यात्रु यात्रा गर्न बाध्य छन् । यही सडक भएर दैनिक दर्जनौँ सवारीसाधन लमजुङ मनाङ आवतजावत गर्दछन् । मनाङबाट लमजुङ हुँदै विभिन्न ठाउँमा आउने र यहाँबाट मनाङ जाने एउटै बेँसीसहर-चामे सडक हो । भिरैभिर र मर्स्याङ्दी नदी माथिमाथि हुँदै डुङ्गैडुङ्गाको सडक व्यवस्थित नहुँदा बेँसीसहर-चामे सडकमा ज्यानको बाजी राख्दै भगवान्‌को भरोसामा यात्रा गर्न यात्रु बाध्य छन् । यात्रुले यस सडक पार गरे मनाङ पुग्छन्, सडकबाट तल झरे सिधै मर्स्याङ्दी नदीमा पुग्छन् । यस्तो जोखिम मोल्नुको विकल्प छैन मनाङवासीलाई ।

जिल्लालाई सडक सञ्जालमा जोड्ने सरकारको योजनाअनुरुप विसं २०५१ देखि सडक डिभिजन कार्यालय दमौली तनहुँले सडक निर्माण गर्न सुरु गरेको थियो । जनयुद्ध र अन्य विभिन्न कारणले उक्त सडक निर्माणको जिम्मेवारी विसं २०५७ देखि तत्कालीन नेपाली सेनाले पायो । तत्कालीन सेनाले शान्ति प्रक्रिया पछि मात्रै सडक निर्माण कार्यलाई निरन्तरता दिएको थियो ।

सेनाले उक्त जोखिमपूर्ण भिरमा ज्यानको बाजी राखेर सडक निर्माण गर्न सफल भयो । सरर मटर चढेर मनाङ आवतजावत गर्ने मनाङवासीको सपना पूरा भयो । नेपाली सेना कार्यगणले विसं २०६९ मा सडक निर्माण कार्यसम्पन्न गरेसँगै सडक डिभिजन कार्यालय दमौलीलाई हस्तान्तरण गरेको थियो । गणका इञ्जिनियर भरत श्रेष्ठ र इन्द्रीवर गुरुङको नेतृत्वमा सडक निर्माण गरी हस्तान्तरण गरिएको थियो । बेँसीसहर-चामे सडक ६५ किलोमिटर रहेको सडक डिभिजन कार्यालय दमौलीले जनाएको छ । उक्त सडक लमजुङतर्फ ३५ किलोमिटरसम्म र मनाङतर्फ ३० किलोमिटर रहेको छ । सडक निर्माण भए पनि भौगोलिक कारणले यहाँको यात्रा जोखिमपूर्ण रहँदै आएको छ । सडकको स्तरोन्नति हुन नसक्दा यहाँका स्थानीय निराश बनेका छन् । मनाङवासीसँगै, लमजुङवासी, आन्तरिक तथा बाह्य पर्यटक समेत चिन्तित छन् । यात्राका क्रममा सबैको चाहना सडक गुणस्तरीय होस् र दुर्घटना र जोखिम न्यून रहोस् भन्ने हुन्छ । बेँसीसहर-चामे सडक पार गर्न झन्डै छ घन्टा समय लाग्ने सवारी चालक सोम मगरातीले बताउनुभयो । "ठूलाठूला चट्टान ढुङ्गाको बीचैबीच । मर्स्याङ्दी नदीबाट तीन सयदेखि एक हजार फिटभन्दा माथिमाथि हुँदै सवारीसाधन चल्छन्", उहाँले भन्नुभयो । यात्रासकिञ्जेलसम्म डराइराइ यात्रा गर्नुपर्ने बाध्यता रहेको उहाँको भनाइ थियो । विभिन्न कामलगायत घरायसी समान लिनका लागि जोखिमको यात्रा गर्न बाध्य भएको मनाङकावासी बताउँछन् । भौगोलिक संरचनाले जोखिमपूर्ण बनेको सडक बर्खायाममा बाढीले खोतलिदिने र पहिरो आउने भएकाले थप जोखि बनेको चालक मगरातीले बताउनुभयो । उहाँले समय-समयमा सडक स्तरोन्नति गरे सडक गुणस्तरीय हुने र जोखिम कम हुनेमा जोड दिनुभयो ।

"बेलाबेला ठाउँठाउँमा अवरुद्ध सडकले सवारीसाधन रोकेर बस्दा सडक भासिने हो कि ? माथिबाट पहिरो आएर ज्यानै लैजाने हो कि ? भन्ने जोखिम छ", यस सडकखण्डका चालक रामबहादुर तामाङले भन्नुभयो । उहाँले यात्राका क्रममा माथिबाट पहिरो आउने सम्भावना बढी भएको र भौरको सडक भासिए मर्स्याङ्दीमा पुग्ने खतरा पनि उत्तिकै रहेको बताउनुभयो ।

"हामीले दैनिक जोखिमपूर्ण यात्रा गरिरहेका छौँ । पहिरो, बाढीको जोखिमका साथै सडक भासिने सम्भावना पनि छ", तामाङले भन्नुभयो । यात्राका क्रममा बाटोमा घाइते भए वा बिरामी परेमा थप समस्या हुने गरेको उहाँको भनाइ छ । विगतको तुलनामा केही ठाउँमा सडक स्तरोन्नति भए पनि अधिकांश ठाउँमा सडक जीर्ण हुँदै जाँदा यात्रु दिनहुँ त्रसित हुँदै यात्रा गर्न बाध्य भएका उहाँले बताउनुभयो ।

# जनसाँस्कृतिक महासंघले सम्झियो रविलाल गुरुलाई

**पोखरापत्र संवाददाता**
पोखरा, १६ असार

राष्ट्रिय जनसाँस्कृतिक महासंघका संस्थापक केन्द्रीय सदस्य स्वर्गिय प्रा. डा. रविलाल अधिकारीको ७९ औं जन्म जयन्तीको अवसरमा राष्ट्रिय जनसाँस्कृतिक महासंघ गण्डकी प्रदेश समितिले खुल्ला कविता प्रतियोगिता सम्पन्न गरेको छ।

प्रतियोगितामा शर्मिला कार्की प्रथम, संयोग बस्याल द्वितिय, रमा खतिवडा तृतिय, रोशन तिमिल्सिना सान्त्वना तथा आर्या त्रिपाठीले प्रोत्साहन पुरस्कार प्राप्त गर्नुभएको छ। कार्यक्रममा बोल्दै प्रमुख अतिथि नेकपा एमाले गण्डकी प्रदेश कमिटीका सचिव धनञ्जय दवाडीले साहित्य, कला र सँस्कृतिका सन्दर्भमा राजनैतिक नेतृत्वको ध्यान जान नसकेकोमा दुःख व्यक्त गर्नुभयो।



त्यसै गरी विम्व कवि रमेश श्रेष्ठले कवितामा राजनैतिक चेत हुनुपर्ने तर कविता नारा बन्न नहुने विचार राख्नुभयो। कार्यक्रममा राष्ट्रिय जनसाँस्कृतिक महासंघ केन्द्रीय उपमहासचिव मनकुमार श्रेष्ठले रविलाल गुरुको जीवनबाट सरलता र निरन्तरताको पाठ सिक्न सकिने बताउनु भयो। कार्यक्रममा पोखरा प्रज्ञा प्रतिष्ठानका कुलपति पद्मराज ढकाल, समालोचक डा. यदुनन्दन उपाध्याय र साहित्यकार अधिकारीका ज्येष्ठ पुत्र प्रमोद अधिकारीले समेत साहित्यकार अधिकारीको जीवनको विविध पाटाहरुको बारेमा बताउनुभएको थियो। कार्यक्रमका सभाध्यक्ष राष्ट्रिय जनसाँस्कृतिक महासंघ गण्डकी प्रदेश कमिटीका अध्यक्ष सुवास मल्लले गुरु प्रदेशभरमा महासंघको एक जनामात्र संस्थापक रहनुभएकोले उहाँको जयन्ति हरेक वर्ष मनाउने जनाउनुभयो। कुल ३८ वटा कविताहरु सहभागि प्रतियोगिताको अन्तिम चरणका लागि १५ वटा कविता छनौट भएका थिए।

प्रतियोगिताको निर्णायक मण्डलको भूमिका विम्व कवि रमेश श्रेष्ठ, समालोचक डा. यदुनन्दन उपाध्याय र कवि लक्ष्मी थापाले निर्वाह गर्नुभएको थियो।

कार्यक्रममा महासंघ कास्की जिल्ला कमिटीका अध्यक्ष शिवहरी ढुंगानाले स्वागत मन्तव्य राख्नुभएको थियो भने सञ्चालन गण्डकी प्रदेश कमिटीका महासचिव छवि सुवेदीले गर्नुभएको थियो। कार्यक्रमको सहआयोजक राष्ट्रिय जनसाँस्कृतिक महासंघ, कास्की जिल्ला कमिटी रहको थियो।

# काहुँखोला करीडोरको उद्घाटन

**पोखरापत्र संवाददाता**
पोखरा, १६ असार

पोखरा महानगरपालिका वडा नं १३ स्थित काहुँखोला करीडोरको शनिवार उद्घाटन गरिएको छ।

वडा न १३ का वडा अध्यक्ष किरण वरालले करीडोरको उद्घाटन गर्दै करीडोरलाई पोखरा विमानस्थल सम्म जोड्ने योजना रहेको भने। काहुँखोलाको पुलमा सवारी साधन आवत जवातमा समस्या बढ्दै गएकोले स्थायी समाधान खोजीमा लागि परेको अध्यक्ष वरालले जानकारी गराए। काहुँखोलामा हरेक वर्ष पानीले पारेको समस्या समाधानको लागि दुई महिना डोजर राखी काम गर्न सुरु गरेको उनले भने। करीडोरमा महानगरपालिकावाट ५० लाख र जनसहभागितावाट उठेको आठ लाख ८२ हजार



तीनसय ५२ रुपैयाँ वाट निर्माण सम्पन्न भएको थियो।

काहुँखोला करीडोर सडक निर्माण उपभोक्ता समितिका अध्यक्ष बुद्धि वहादुर बरालको अध्यक्षतामा भएको कार्यक्रममा वडा सदस्य बलहादुर वराल, तीन अम्चुरे टोल विकास संस्थाका अध्यक्ष इन्द्रवहादुर कुँवर, बाँझापाटन मिलन मार्ग टोल विकास संस्थाका अध्यक्ष रामराज सिग्देल, काहुँखोला टोल विकास संस्थाका माधवप्रसाद सिग्देल लगायत वोलेको कार्यक्रममा करीडोर अनुगमन समितिका सदस्य रमेशकुमार भ्झाले स्वागत र करीडोर सडक निर्माण उपभोक्ता समितिका सदस्य रामकुमारी पौडेलले संचालन गरेकी थिइन्।

# गलेश्वर धामलाई विश्व सम्पदा सूचीमा राख्न पहल गरिँदै

**पोखरापत्र संवाददाता**
म्याग्दी, १६ असार

म्याग्दीको प्रसिद्ध धार्मिकस्थल गलेश्वर धामलाई विश्व सम्पदा सूचीमा राख्न म्याग्दीको बेनी नगरपालिकाले आवश्यक पहल सुरु गरेको छ।

बेनी-९ स्थित गलेश्वर धाम स्कन्द पुराण, हिमालय पर्वत, भगवान् शिव र पार्वतीका साथै स्वयं उत्पन्न विशाल ज्योर्तिलिङ्गको महिमा र यिनै विषयसँग सम्बन्धित रहेका कारण विश्वभरि चिनिएको छ। बाबु दक्ष प्रजापतिको यज्ञमा आफ्ना लोग्ने शिवको अपमान गरिएपछि जलिरहेको अग्निमा हाम फालेर आत्महत्या गरेकी सतीदेवीको लाशलाई काँधमा बोकेर हिमालय पर्वततर्फ जाँदै गर्दा गला पतन भएको र त्यस ठाउँको नाम गलेश्वर नामकरण गरिएको स्कन्द पुराणमा उल्लेख छ। लामो खडेरीमा पनि कहिल्यै पानी नसुक्ने र ठूलो वर्षामा पनि पानीको सतह घटबढ नहुने ढुङ्गामा मूल उम्रेर बनेको बराहा पोखरी, विशाल चट्टानमा जग बिना नै निर्माण गरिएको भगवान् शिवजीको मन्दिर, विष्णु मन्दिर, हवन कुण्ड, १०८ शिवलिङ्ग, साँढेका विशाल मूर्ति, घन्टा यहाँका मुख्य आकर्षण हुन्। पछिल्लो समययता गलेश्वरमा भारतीय धार्मिक पर्यटकको पनि सङ्ख्या वृद्धि हुन थालेको छ। कालीगण्डकी र रघुगङ्गा नदीको सङ्गमस्थलमा रहेको गलेश्वर धाममा अहिले उद्यानसहित आवश्यक सम्पूर्ण भौतिक पूर्वाधारसमेत निर्माण भएकाले यस्तो पावन धार्मिकस्थललाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्न नगरले समन्वय र पहल गरेको बेनी नगरपालिकाका प्रमुख सुरत केसीले बताउनुभयो।

"गलेश्वर धाम ऐतिहासिक, पर्यटकीय एवं धार्मिकस्थल भएकाले विश्व सम्पदामा सूचीकृतका लागि नगरपालिकाले आवश्यक प्रक्रिया अपनाइ समन्वय र पहल गर्दैछौँ", नगरप्रमुख केसीले भन्नुभयो। विश्व सम्पदामा सूचीकृत गर्न नगरले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटमा समावेश गरिएको उहाँले बताउनुभयो। "गलेश्वर धाम धार्मिक हिसाबले महत्वपूर्णस्थल हो। गलेश्वर पवित्र नदी कालीगण्डकी र रघुगङ्गाका सङ्गमस्थलमा छ। गलेश्वरलाई मुक्तिनाथ प्रवेशद्वारका रुपमा पनि लिने गरिन्छ। विश्व सम्पदा सूचीमा सूचीकृत गरेर गलेश्वर क्षेत्रको धार्मिक महत्वको प्रचारप्रसार र संरक्षण गर्ने हाम्रो योजना छ", उहाँले भन्नुभयो। गलेश्वर मन्दिर प्रसिद्ध मुक्तिनाथ मन्दिरको प्रवेशद्वारमा रहेको धार्मिकतीर्थस्थल हो। गलेश्वरधाम एउटै चक्रशिलामा अवस्थित छ। उन्नाइसौँ शताब्दीको अन्त्यतिर गलेश्वर बाबा नाम गरेका एक जना साधुले सानो कुटी र सानो कच्ची मन्दिर बनाई त्यस क्षेत्रमा बस्न थालेपछि गलेश्वर तीर्थस्थलको रुपमा चिनिँदै जान थालेको भनाइ छ।

यस्तो छ गलेश्वर धामको महत्व र इतिहास

गलेश्वर मन्दिर प्रसिद्ध मुक्तिनाथ मन्दिरको प्रवेशद्वारमा रहेको धार्मिक तीर्थस्थल हो। म्याग्दी जिल्लाको बेनी नगरपालिका-९, गलेश्वरमा रहेको गलेश्वरधाम एउटै चक्रशिलामा अवस्थित छ। म्याग्दीको उत्तरी भेगमा अवस्थित कालीगण्डकी नदीका वारी र पारीका केही साविकका गाविस र मुस्ताङ जिल्लालाई अन्नपूर्ण संरक्षण क्षेत्र घोषणा गरिएपछि गलेश्वर पर्यटकीय क्षेत्रको प्रवेशद्वारको रुपमा समेत परिचित छ। गलेश्वर धामको इतिहास स्कन्द पुराणसँग, आर्थिक इतिहास उत्तरमा तिब्बत र दक्षिणमा भारतसँग जोडिएको छ। उन्नाइसौँ शताब्दीको अन्त्यतिर गलेश्वर बाबा नाम गरेका एक जना साधुले सानो कुटी र सानो कच्ची मन्दिर बनाई त्यस क्षेत्रमा बस्न थालेपछि गलेश्वर तीर्थस्थलको रुपमा चिनिँदै जान थालेको बताइन्छ। त्यसैगरी आर्थिक दृष्टिकोणले पनि गलेश्वर ऐतिहासिकस्थल भएको इतिहासकारले बताएका छन्।

उन्नाइसौँ शताब्दीको अन्त्यताका गलेश्वर म्याग्दीका उत्तरी क्षेत्रको साथै उत्तरमा भोट र दक्षिणमा भारतीय व्यापारीको समेत सम्पर्क हुने ठाउँको रुपमा चिनिने गरेको म्याग्दीका इतिहासकार चन्द्रप्रकाश बानियाँद्वारा लिखित विभिन्न लेखमा चर्चा गरिएको छ। यो क्रम बेनी जोमसोम सडक विस्तार नहोञ्जेलसम्म जारी रहेको थियो। बाबु दक्ष प्रजापतिको यज्ञमा आफ्ना लोग्ने शिवको अपमान गरिएपछि जलिरहेको अग्निमा हाम फालेर आत्महत्या गरेकी सतीदेवीको लाशलाई काँधमा बोकेर हिमालय पर्वततर्फ जाँदै गर्दा गला पतन भएको र त्यस ठाउँको नाम गलेश्वर नामकरण गरिएको स्कन्द पुराणमा उल्लेख छ। लामो खडेरीमा पनि कहिल्यै पानी नसुक्ने र ठूलो वर्षामा पनि पानीको सतह घटबढ नहुने ढुङ्गामा मूल उम्रेर बनेको बराहा पोखरी, जडभरत गुफा, विशाल चट्टानमा जग बिना नै निर्माण गरिएको भगवान शिवजीको भव्य मन्दिर, विष्णु मन्दिर, हवन कुण्ड, १०८ शिवलिङ्ग, साँढेका विशाल मूर्ति घन्टा यहाँका मुख्य आकर्षण हुन्। पूर्वपट्टि कालीगण्डकी नदी, दक्षिणतर्फ बेनी बजार, उत्तरमा मुक्तिनाथ र पश्चिमतर्फ रावणको जन्मस्थान मानिने पुलस्त्य आश्रमको बीचमा अवस्थित गलेश्वर क्षेत्र अपार पर्यटकीय सम्भावना बोकेको क्षेत्र हुँदाहुँदै पनि सरकारले खासै ध्यान दिन नसकेको गुनासो स्थानीय बासिन्दाको रहेको छ। म्याग्दीको सदरमुकाम बेनी बजारदेखि तीन किलोमिटर उत्तरमा अवस्थित गलेश्वर धाम रहेको छ।

# लायन्स हेमजाद्वारा बृक्षारोपण

**पोखरापत्र संवाददाता**
पोखरा, १६ असार

लायन्स क्लव अफ पोखरा हेमजाले आफ्नो बर्ष ०२३/०२४को सुरुवातको अवसरमा बृक्षारोपण सम्पन्न गरेको छ।

पोखरा-२५ हेमजा स्थित बिष्णुपादुका मा.वि.को प्रांगणमा बिभिन्न ९ प्रजातीका ३० वटा बिरुवा रोपेको हो।

लायन्स क्लव अफ पोखरा हेमजाका अध्यक्ष सन्तमान श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रमा लायन्स क्लव इन्टरनेशनल डिष्ट्रिक जे का इन्भायरोमेन्ट को चिफ सन्तोष पौडेलको प्रमुख अतिथ्यतामा सम्पन्न भएको थियो। कार्यक्रममा प्रमुख अतिथिको मन्तब्य राख्दै लायन्स क्लवले यस्ता कार्यक्रमहरुवाट बातावरणको क्षेत्रमा उल्लेख्य भुमिका खेलेको र समाजलाई सामाजिक भावनामा उत्प्रेरण जगाएको कुरामा जोड दिए।

अतिथिहरुजोन १३ का जोन चेयर पर्सन बसन्त बास्तोला, विद्यालय ब्यवस्थापन अध्यक्ष कृष्ण नेपाली, बिष्णुपादुका मा.वि प्रधानाध्यापक दिपक राज पौडेल, लियो डिष्टिक प्रेसिडेन्ट बिष्णु प्रसाद दाहाल, लियो क्लव अफ हेमजाका प्रेसिडेन्ट मनोज त्रिपाठी शिक्षक मिन बहादुर थापा, पूर्व अध्यक्ष हरिश्चन्द्र पौडेल, पूर्व अध्यक्ष विनोद श्रेष्ठ पूर्व अध्यक्ष प्रकाश पौडेल, पूर्व अध्यक्ष




तथा सल्लाहकार राजेन्द्र बहादुर सापकोटाले आ-आफ्नो मन्तब्य राखेका थिए भने कार्यक्रम संचालन संस्थाका सचिव कृष्ण श्रेष्ठले गरेका थिए।

## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. २२ फलेटे ठुलास्वारा पद मार्ग निर्माण गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ।

**योजनाको नाम** : फलेटे ठुलास्वारा पदमार्ग
**उपभोक्ता समिति**: फलेटे ठुलास्वारा निर्माण उपभोक्ता समिति, पोखरा-२२
**योजना सम्झौता मिति**: २०७९/१२/२६ गते
**योजना सुरु मिति** : २०७९/१२/२७ गते
**योजना सम्पन्न मिति** : २०८०/०३/१५ गते
**महानगरपालिकाबाट** : रु. १५,००,०००/-
**जनसहभागिता** : रु.१,६६,६६६/-
**जम्मा लागत** : रु.१६,६६,६६६/-
**उपभोक्ता समिति**
**अध्यक्ष** : खुशीराम बराल
**उपाध्यक्ष** : अर्जुन सुवेदी
**कोषाध्यक्ष** : दुर्गा बराल
**सदस्यहरु** : शिव बराल, योगेन्द्र बराल, बिजया बराल, डम्बर कुमारी बराल, खिमराज बराल र नन्दलाल बराल

# अनुदानले बाँझो जमिनमा खेती गर्ने क्रम बढ्यो

**पोखरापत्र संवाददाता**
गोरखा, १६ असार

गोरखाको बारपाक सुलिकोट गाउँपालिकाले बाँझो जमिनमा खेती गर्ने किसानलाई प्रोत्साहनस्वरुप अनुदान रकम उपलब्ध गराएको छ। पालिकाले किसानलाई अनुदान दिन थालेपछि वर्षौंदेखि बाँझो रहँदै आएका जमिनमा खेती गर्नेको सङ्ख्या बढ्न थालेको छ।

पालिकाले किसानलाई प्रोत्साहनस्वरुप प्रतिरोपनी रू तीन हजारसम्म अनुदान रकम उपलब्ध गराउन सुरु गरेको गाउँपालिका अध्यक्ष विष्णुप्रसाद भट्टले जानकारी दिनुभयो। अनुदान पाएपछि वर्षौंदेखि बाँझो रहँदै आएका नौ सय ३८ रोपनी जमिनमा किसानले खेती गर्न थालेका उहाँले बताउनुभयो। "आर्थिक वर्ष ०७७/७८ देखि गाउँपालिकाले बाँझो जमिनमा खेती गर्ने किसानका लागि अनुदानस्वरुप प्रोत्साहन रकम दिन सुरु गरेको हो," अध्यक्ष भट्टले भन्नुभयो, "अनुदान कार्यक्रमले किसानमा जमिन बाँझो राख्नु हुँदैन, उत्पादनमा लाग्नुपर्छ भन्ने भावना विकास हुनुका साथै उत्साह पनि थपेको छ।" उहाँका अनुसार तीन वर्षदेखि गाउँपालिकाले 'बाँझो जग्गा उपयोग कार्यविधि २०७७' कार्यविधि बनाएर अनुदान उपलब्ध गराउँदै आएको हो।

अनुदान कार्यक्रम सुरु गर्नुभन्दा पहिला पालिकाभित्र कति खेतीयोग्य जमिन बाँझो भनी तथ्याङ्क सङ्कलन गरिएको अध्यक्ष भट्टले जानकारी दिनुभयो। "प्राप्त तथ्याङ्कका आधारमा बाँझो जमिन राख्ने किसानलाई अनुदान उपलब्ध गराउन थालिएको हो", उहाँले भन्नुभयो। गाउँमा पछिल्लो समय खेती गर्ने क्रम बिस्तारै घट्दै गएर कृषिजन्य वस्तुको आयात बढ्न थालेको अध्यक्ष भट्टको भनाइ थियो। स्थानीय उत्पादन वृद्धि गरी आत्मनिर्भर बनाउने उद्देश्यले किसानका लागि प्रोत्साहन नीति ल्याएको उहाँले बताउनुभयो।

कृषि उत्पादनमा पालिकालाई आत्मानिर्भर बनाउँदै कृषि पेसाबाट स्वरोजगारी सिर्जना गर्न पालिकाले सञ्चालन गरिरहेको किसानलाई प्रोत्साहन कार्यक्रम प्रभावकारी बनेको स्थानीय कृषक मोहन ढकालले बताउनुभयो। "जमिन बाँझो राखेर लाखौँ रुपैयाँ ऋण काढेर विदेश नै जानुपर्छ भन्ने सोचको विकास हामीमा छ," उहाँले भन्नुभयो, "किसानलाई प्रोत्साहन गर्ने कार्यक्रमले विदेश जानुभन्दा कृषि पेसाबाट पनि आत्मानिर्भर बन्न सकिन्छ भन्ने धारणा विकास गरिदिएको छ।"

ढकालका अनुसार साँध सिमानामा छिमेकीले बाँझो जमिनमा खेतीपाती गर्न थालेका छन्। किसानलाई पनि अनुदान कार्यक्रमले राहत पुगेको भन्दै गाउँपलिकाभित्र कृषिजन्य वस्तुको उत्पादन वृद्धि भएको उहाँको भनाइ थियो।

बाली र प्रकृति हेरी बाँझो जमिनमा खेती गर्नेलाई प्रोत्साहन बापत अनुदान रकम उपलब्ध गराउने गरिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत तुलसी राम आर्चायले जानकारी दिनुभयो। "खाद्य र तरकारी बाली खेती गर्नेलाई प्रतिरोपनी रू तीन हजारसम्म, मसला बाली गर्नेलाई प्रतिरोपनी रू दुई हजार पाँच सयसम्म, फलफूल बाली लगाउने कृषक, कृषि समूह वा फार्मलाई प्रतिरोपनी रू दुई हजारका दरले अनुदान उपलब्ध गराइएको छ", उहाँले भन्नुभयो।

गाउँपालिकाले बनाएको कार्यविधिमा बाँझो जग्गाका बारेमा जानकारी नगराउने किसानलाई प्रतिरोपनी रू दुई सयका दरले जरिवाना तिराउने व्यवस्थासमेत गरिएको प्रशासकीय अधिकतृ आचार्यले बताउनुभयो। उहाँका अनुसार प्रोत्साहन रकम लिन चाहने किसानले पालिकाले तयार गरेको कृषक छनोट प्रक्रियामा सहभागी हुनुपर्ने छ।

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं १३ स्थित विजयपुर पोखरी गाउँको बहुउद्देश्यीय भवनको निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः विजयपुर पोखरी गाउँको बहुउद्देश्यीय भवनको निर्माण
ठेगानाः पेखरा-१३, कास्की
आयोजना संचलान गर्ने कार्यालय/कार्यक्रमको नामः सामाजिक विकास कार्यालय।
योजना सम्झौता मिति : २०८०/०२/०७ गते
योजना सम्पन्न गर्ने मिति : २०८०/०२/३० गते
योजना सम्पन्न हुने मितिः २०८०/०२/३० गते
योजनाको कुल लागत : रु. २९,१७,४२९.३८/-
महानगरपालिकाबाट : रु. २६,५०,०००/-
जनसहभागिताबाट : रु. २,६७,४२९.३८/-
उपभोक्ता समिति अध्यक्ष : लक्ष्मी सुनार
आयोजनाबाट लाभान्वित जनसंख्याः १५० जना

**विजयपुर पोखरी गाउँको बहुउद्देश्यीय भवनको निर्माण उपभोक्ता समिति पोखरा-१३, कास्की**